वैठक संख्या -५ मिति २०७३/०५/२४ गते विहान ७:०० वजे

आज मिति २०७३/०५/२४ गते शुक्रबारवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

| | |
|---|---|
| श्री गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकिय अधिकृत |
| श्री खगेन्द्रप्रसाद खतिवडा | वरिष्ठ कर अधिकृत |
| श्री सूरज श्रेष्ठ | वरिष्ठ इन्जिनियर |
| श्री रमेश शाह | वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत |
| श्री भेषराज अधिकारी | वरिष्ठ लेखा अधिकृत |
| श्री राजु पोखरेल | इन्जिनियर |
| श्री सूनील नेपाल | सामाजिक विकास अधिकृत |

निर्णयहरु

निर्णय नं १ (एक) : <u>कर्मचारीहरुको आचरण सम्बन्धमा</u> ।

यस उपमहा नगरपालिका कार्यालय साथै विभिन्न वडा समिति लगाएतका ठाउमा कार्यरत सम्पुर्ण कर्मचारीहरुले स्थानीय स्वायत्त शासान नियमावली २०५६ को २६४ मा लल्लेख भएका बुँदाका अतिरिक्त तपसिलका आचरणहरु अनिवार्य पालना गर्ने निर्णय गरियो ।

(क) स्थानीय स्वायत्त शासन नियमावली २०५६ (आठौ संशोधन २०७३) को नियम २६४ मा उल्लेख भएका आचार संहिता हरू अनिवार्य रूपमा पालना गर्नु पर्ने छ ।

(ख) उक्त नियममा उल्लेख भएका वाहेक तपशिलका आचार संहिताको अनिवार्य रूपमा पालना गर्नु पर्ने छ ।

(१) नेपाल सरकार वाट तोकिएको कार्यालय प्रकृया पालना गर्ने असल संस्कारको विकास गर्ने ।

(२) आफूलाइ तोकिएको जिम्मेवारी अनुसाशित ढंगवाट इमान्दार तथा कर्तव्य निष्ठ भइ पालना गर्ने

(३) कार्यालयको कामको शिलसिलामा आफू भन्दा माथिका अधिकृतले दिएको आज्ञा शिघ्रताका साथ पालना गर्नु पर्ने छ ।

(४) प्रचलित कानून अनूसार दर्ता नभएका र नेपाल सरकार वाट मान्यता नपाएका कर्मचारीको कुनै पनि संगठनको सदस्यता नलिने ।

(५) नेपालको संविधान २०७२ ले स्थापना गरेको सम्बैधानिक मूल्य र मान्यताको अबलम्वन तथा सम्मान गर्ने ।

(६) उपमहानगरपालिका वाट प्रवाह हुने सेवाको विषयमा कसैवाट पनि कुनै प्रकारको उपहार, दान तथा दातव्य नलिने ।

(७) सेवाग्राही प्रति शिष्ट र सम्मानजनक व्यबहार गर्ने ।

(८) कार्यालय पोशाक र समयको सधै पालना गर्ने ।

(९) कार्यालयले दिएको जिम्मेवारी तत्परता एव हार्दिकताका साथ पूरा गर्ने ।

(१०) सेवाग्राही प्रति पूर्ण जिम्मेवार बन्ने ।

(११) करले होइन रहरले सेवा गर्ने बानी बसाल्ने ।

(१२) सबैसँग हासेर बोल्ने वानी बसाल्ने ।

(१३) पारदर्शी व्यवहार अबलम्वन गर्ने ।

(१४) नगरबासीको सुसुचित हुने अधिकारको सम्मान गर्ने ।

(१५) सेवाग्राहिको गुनासो र पीरमार्का प्रति सम्बेदनशिल बन्ने ।

(१६) अशक्त, अपाङग तथा महिला सेवाग्राही हरुलाई प्राथमिकतामा राखी सेवा प्रदान गर्ने ।

(१७) आफू कार्यरत रहेको सस्थाको हित प्रति सधैं सचेत रहने ।

(१८) प्रचलित ऐन कानूनले निषेध गरेका कुनै पनि काम नगर्ने ।

(१९) जातिय, वर्गीय तथा लैङगिक विभेद हुने कुनै पनि काम नगर्ने र सबैलाइ समान व्यबहार नर्ने

(२०) नगरको सर्वाङगीण विकास प्रति सदा समर्पीत रहने ।

(२१) विदा स्वीकृत गराउँदा वा विदामा बस्दा सेवा ग्राहीलाई पर्ने मार प्रति ध्यान दिने ।

(२२) आफू कार्यरत शाखा र अन्य शाखा तथा उपशाखासँग समन्वय गरेर कार्य सम्पादन गर्ने ।

निर्णय नं २ (दुई) : <u>पुरस्कार मुल्याँङकनकालागि सूचक सम्बन्धमा</u> ।

यस उपमहा नगरपालिका कार्यालयमा कार्यरत सम्पुर्ण कर्मचारीहरु मध्ये उत्कृष्ठ कर्मचारी छनौट गरी पुरस्कार गर्ने प्रयोजनकालागि मुल्याङकन गर्दा तपसिलका सूचकहरुलाई आधारहरुलाई मान्ने निर्णय गरियो ।

क स्थानीय स्वायत्त शासन नीयमावली २०५६को नीयम २२५(६) को प्रयोजनकालागि अनुसुची २८ मा ब्यबस्था भएका सूचकहरु ।

ख पदिय कार्य विवरण वाहेक अन्य थप कार्य गरेको विवरण ।

ग कार्यालयमा हाजिरीको अवस्था ।

घ कार्यालय समय पालना ।

ङ कार्यालयको पोशाकको पालना ।

च कर्मचारीको आचरणको पालना ।

छ कार्यालयवाट आयोजना गरिएका अन्य क्रियाकलापमा सहभागिता ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका